website upload

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## सोलर पम्प आपुर्ति र जडान गर्ने फर्म/कम्पनी सुचीकरण र मुल्य निर्धारण सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/१०

यस निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. २ का "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" वमोजिम निजी, सार्वजनिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान कार्यक्रम संचालनको लागि सोलर पम्प आपुर्ति र जडान गर्न ईच्छुक फर्म/कम्पनीहरुलाई सुचिकृत गर्न २०७८/०९/११ गते कार्यालय समयभित्र सम्म यस निर्देशनालयमा आई पुग्ने गरी प्राविधिक प्रस्ताव र न्यूनतम मूल्य सुची छुट्टा छुट्टै खामवन्दी गरी एकमुष्ट सिलवन्दी पेश गर्नका लागी यो सुचना प्रकाशित गरिएको छ। वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रले सौर्य उर्जा सिंचाई प्रणालीको लागि तोकेको अधिकतम मूल्य भन्दा बढीलाई सूचीकृत गरिने छैन। रित पुगेका र म्यांद भित्र प्राप्त भएका स्वीकृत प्राविधिक स्पेशिफिकेशन प्रस्तावहरु मात्र सुचिकृत गरिनेछ। यस सम्वन्धि विस्तृत सुचना र प्रस्ताव पत्रको ढाँचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np वाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि यस निर्देशनालयमा मो. नं. ९८५४०२६५२०/९८५४०२२३७९ वाट सम्पर्क गर्न अनुरोध छ।

जनकपुर टुडे २०७८।०८।१०

श्री कम्प्युटर अपरेटर
वेबसाईटमा यो सूचना सहित
विस्तृत सूचना र फर्म फरमेटहरु
सम्वन्धित कर्मचारीबाट प्राप्त गरी आजै
अपलोड गर्नु र सम्वन्धित कार्यालय
हरुमा टाँस गर्न समेत पठाउने।

८/१०

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
नक्टाभिज, धनुषा

## सोलार पम्प आपुर्ती, जडान तथा बिक्रीपछिको सेवाको लागी मान्यता प्राप्त फर्म/कम्पनी सुचिकरण तथा मूल्य निर्धारण सम्बन्धि सूचना

**जनकपुर टुडे पत्रिकामा प्रकाशित मिति : २०७८/०८/१०**

यस निर्देशनालयको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निजि,सार्वजनिक,तथा सहकारीको सझेदारीमा सोलार पम्प जडानको लागी " कृषि क्षेत्रमा अनुदान परिचालन कर्यबिधी,२०७६" बमोजिम प्रदेश नं २ भित्र सोलार पम्प उपकरण आपुर्ती र जडान गर्ने ईच्छुक योग्य फर्म/कम्पनीहरुलाई सूचीकृत गर्न २०७८ पौष ११ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आईपुग्ने गरी आवश्यक कागजात सहित प्राविधिक प्रस्ताव र न्यूनतम बिक्री मूल्य छुटाछुटै खाम बन्दी गरी एकमुष्ठ शिलबन्दि पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ । बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रले सौर्य उर्जा सिंचाईं प्रणालीको लागी तोकेको अधिकतम मुल्य भन्दा बढी मुल्यलाई सूचीकृत गरिने छैन । उपभोक्ताले खरीद गरेको मुल्यमा अधिकतम ८५ प्रतिशत सम्म अनुदान दिन सक्नेछ । रित पुगेका र म्याद भित्र प्राप्त भएका, प्राविधिक स्पेशिफिकेशन र आपुर्तीका शर्त पूरा गरेका प्रस्तावहरु मात्र सूचीकृत गरिनेछ । यस संग सम्बन्धित स्वीकृत प्राविधिक स्पेशिफिकेशन र प्रस्ताव पत्रको ढाँचा/फर्मेट यस निर्देशनालयको वेभसाईट **add.p2.gov.np** बाट प्राप्त गर्न सकिनेछ । यस सम्बन्धि सूचना mobile App: doadp2 मा पनि राखिएकोछ ।

**सोलार पम्प उपकरण सम्बन्धि शर्त/मापदण्डहरुः**

✓तोकिएको प्राविधिक स्पेशिफिकेशन अनुसार गुणस्तरीय सामग्रीहरुको उचित तथा प्रतिस्प्रधि मूल्य ।
✓सोलार ड़ि. सी. पम्प र कन्ट्रोलर एउटै कम्पनीको हुनुपर्ने छ ।
✓सोलार ड़ि. सी. पम्प र मोटरमा प्रयोग हुने कन्ट्रोलर उत्पादक देशवाट ICE र CE Certified भएको हुनुपर्नेछ ।
✓पम्पको डिस्चार्ज कम्तीमा १०(दस) मिटर हेड र एक लाख लीटर वा १० मिटर हेड र दुई लाख लीटर प्रति दिन क्षमता भएको हुनुपर्नेछ । माग भईआएमा सो भन्दा कम वा बढी क्षमाताको सोलर पम्प समेत आपुर्ती गर्नुपर्नेछ ।
✓तोकिएको भन्दा कम पानी आएमा शत प्रतिशत सम्म जरिवाना लाग्ने छ ।

आवश्यक कागजातहरु(देहाय वामोजिमको क्रम मिलाई पेश गर्ने) :-

१. रू.१०।-को हुलाक टिकट टाँस गरेको प्रस्ताव पत्र ।
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्र,स्थाई लेखा नं.(प्यान/मूल्य अ. कर),आ.व.०७७/७८ को कर चुक्ता प्रमाण पत्र वा कर बुझाउन म्याद थप स्वीकृति पत्र, वित्तीय क्षमता खुलेको प्रमाण पत्र, विगत २(दुई) वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
३. सौर्य सिंचाई सम्बन्धि उपकरण उत्पादक कम्पनीको अधिकारिक एजेन्ट (Authorized Agent) भएको प्रमाण पत्र ।
४. सौर्य सिंचाई सम्बन्धि उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन खुल्ने कागजातहरु जस्तैः-क्याटलग, ड्रइंग र लीफलेट आदि ।
५. प्रस्तावित सोलार पम्प उपकरणहरु उत्पादन गर्ने कम्पनीको सो उत्पादन गरि रहेको कम्तिमा ५(पाँच) बर्षको अनुभव प्रमाण पत्र ।
६. ड़ि. सी. पम्प र कन्ट्रोलरमा कम्तिमा २(दुई) वर्षको Free Cost of Repacement Guarantee भएको उत्पादक कम्पनीको पत्र ।
७. बाणिज्य बैंकवाट जरी भएको न्यूनतम दुई बर्ष म्याद भएको रू.(२)दुई करोडको ५(पाँच) प्रतिशत हुन आउने रकम बरावरको बैंक ग्यारेन्टी सक्कल प्रमाण पत्र ।
८. प्रदेश नं. २ मा आपुर्तीको क्रियाशील अवस्थामा रहेको डीलर/सहायक डीलर र सर्भिस सेन्टरहरुको विवरण उल्लेख गरी सो को नाम, ठेगाना र सम्पर्क नं. इत्यादि समेत उल्लेख गर्नुपर्नेछ ।
९. पेश गरेको सम्पुर्ण कागजातहरुको प्रतिलिपि स्व प्रमाणित गरी पेश गर्नुपर्नेछ । सहि छाप नगरी पेश भएको प्रस्तावलाई सुचिकरण प्रक्रियामा समावेश गरिने छैन ।

यस कार्यालयले कुनै थप आवश्यक कागजात माँग गरेमा आपुर्तीकर्ताले सो कागजात उपलब्ध गराउनु पर्नेछ । सौर्य सिंचाई सम्बन्धि उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन, परिमाण,गुणस्तर,आपुर्ती र जडानको समय र बिधी,अनुदानग्राही छनौट तथा द्विवधा/विवाद समधानको सम्पुर्ण अधिकार निर्देशनालयमा निहित हुनेछ । थप जानकारीको लागी यस निर्देशनालयमा मो.नं. ९८५४०२६५२०/९८५४०२२३७९ वाट सम्पर्क गर्न अनुरोध छ ।

.............................
डा. रत्न कुमार झा

डा.रत्न कुमार झा
निमित्त प्रमुख